मन्थली नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
मन्थली, रामेछाप,
वागमती प्रदेश, नेपाल

## घरभाडा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९/०३/३०**

यस मन्थली नगरपालिका कार्यालयको वडा नं १ रामनारायण चोक/ट्राफिक चोक आकासे स्थित आफ्नै स्वामित्वमा रहेको पक्कि भवन शिलवन्दी दरभाउपत्रद्धारा बढाबढ गरि ३ बर्षको लागी भाडामा दिनुपर्ने भएको हुँदा इच्छुक व्यक्ति, फर्म, संघसंस्था, कम्पनीहरुले तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही शिलवन्दी दरभाउपत्र पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीको लागि ७(सात) दिने सुचना प्रकाशित गरिएको छ ।

## विवरण :

| सुचना नं. | विवरण | न्यूनतम कायम अंक/प्रति महिना (बहाल कर सहित ) |
|---|---|---|
| १ | मन्थली नगरपालिका वडा नं १ रामनारायण चोक/ट्राफिक चोक आकासेमा रहेको पक्कि भवन | रु. १,००,०००।- (एक लाख मात्र।) |

**तपशिलः**

१. दरभाउपत्र फारम यस कार्यालयबाट रु १०००।- अक्षरुपी एक हजार मात्र फिर्ता नहुने गरि सुचना प्रकाशन भएको मितिले अन्तिम दिन कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।

२. घरभाडा लिन इच्छुक व्यक्ति, फर्म वा संस्थाले कवोल गरेको अंकको पाँच प्रतिशत धरौटी राख्नु पर्नेछ । धरौटी वापत रकम मनपाको नाममा राष्ट्रिय बाणीज्य बैक, मन्थली शाखामा रहेको १६८०१००३०३००००२ धरौटी खातामा जम्मा गरी सक्कलै बैंक भौचर सम्लग्न गरी शिलवन्दी दरभाउपत्र माथि उल्लेखित अन्तिम मितिको भोलि पल्ट १२:०० वजेसम्म दर्ता गरिसक्नु पर्नेछ र सोही दिनको २:०० वजे नियमानुसार कर्मचारी प्रतिनिधि र घरभाडा लिन इच्छुक प्रतिनिधिको रोहवरमा खोलिनेछ । शिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलवन्दी बोलपत्रखोल्न बाँधा पर्ने छैन ।

३. घरको मासिक न्युनतम भाडा रकम बहाल कर सहित प्रति महिना रु. रु. १,००,०००।- ( अक्षरुपी : एक लाख रुपैंया मात्र ) कायम गरिएको छ । अत : दरभाउपत्र दाताहरुले उक्त न्युनतम भाडा रकम भन्दा कम भाडा रकम कबोल गर्न पाइने छैन ।

४. दरभाउपत्र कवोल गर्ने व्यक्ति, फर्म, संघसंस्था, कम्पनीहरुले सम्झौता गर्दा कवोल अंकको ३ महिनाको हुन आउने रकम सम्झौता गर्न आउँदा अग्रीम बुझाउनु पर्नेछ र अन्य भाडा रकम बुझाउँदा प्रत्येक महिनाको ७ गतेभित्र नगरपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

५. घरभाडा सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्थली नगरपालिकाको कार्यालयमा निहित रहनेछ ।

६. उक्त भवनमा कलकारखाना, प्रदुषण गराउने, सडक आवागमनमा अवरोध गर्ने सामाग्री, पशुवधशाला लगायतका व्यवसायहरु सँचालन गर्न पाइने छैन ।

७. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम र नगरपालिकाको निर्णय गरे अनुसार हुनेछ । यो सुचना मन्थली नगरपालिकाको *Website: manthalimun.gov.np* मा हेर्न सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत